प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ६६ ॥ २०८१ चैत २९ गते शुक्रबार (11th Apr 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

## बालविवाह नगराउने झापाका धर्मगुरुहरुको प्रतिवद्धता



झापा(प्रस) । झापाका विभिन्न धर्मका धर्मगुरुहरुले बालविवाह नगराउने प्रतिवद्धता जनाएका छन् । मागीभन्दा भागी विवाहमा बालविवाह रोक्न चुनौती रहेको उनीहरुले अनुभव सुनाएका छन् ।

धार्मिक गुरुहरुसंगको एकदिने अभिमुखीककरण कार्यक्रममा उनीहरुले अहिलेसम्म बालविवाह गराउन सहयोग नगरेको बताउँदै अब पनि बालविवाह नगराउने प्रतिवद्धता जनाएका हुन् ।

धर्मअनुसार विवाह हुने भएकाले बालविवाह न्यूनीकरणमा धर्मगुरुहरुको महत्वपूर्ण भूमिका रहने भन्दै महिला जनचेतना केन्द्र मेचीनगर ६ काँकडभिट्टाले उनीहरुसंग बिहीवार बिर्तामोडमा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको थियो । विभिन्न धर्मका धर्मगुरुहरुले बालविवाह धार्मिक मसला नभएर सामाजिक मसला भएको बताए । उनीहरुले कुनै पनि धर्मको धर्मग्रन्थमा बालविवाह गराउनु भनेर उल्लेख नभएको स्पष्ट पारेका छन् ।

शिवपाञ्चायन नवग्रह मन्दिर मेचीनगर ७ का पण्डित देवराज निरौलाले आफ्नो मन्दिरमा विवाह गराउन आउँदा बाबुआमा , अभिभावक, होटलमा बस्ने भए होटल साहुसम्म खोजेर ल्याउन लगाएको बताए । उनले कम उमेरका युवायुवतीहरु विवाह गराउन आउँदा फिर्ता पठाएको जानकारी दिए । रजस्वला नभइकन विवाह गराउँदा पवित्र हुने कुरा धर्मशास्त्रमा कहिकतै उल्लेख नभएको उनले स्पष्ट पारे ।

त्यस्तै मधेसी समुदायका पण्डित बाह्रदशीका त्रिलोक झाले शास्त्र पल्टाएर हर्दा हिन्दु धर्मले बालविवाह गराउन नभनेको बताए । उनले विगतको तुलनामा बालविवाह कम हुँदै गएको बताउँदै बालविवाह परिमार्जन हुने धारणा राखे । धर्मगुरुभन्दा पहिला बाबुआमाले बालविवाह रोक्न भूमिका निर्वाह गर्नुपर्ने उनको भनाई छ । बौद्ध धर्मका धर्मगुरु कचनकवल १ का अविदल तामाङले आफूहरुले 'लो' र 'खाम' हेरेर मात्र विवाह गराइदिने गरेको बताए । उनले मागी विवाहमा बालविवाह हुन नदिएपनि भागी विवाहमा समस्या रहेको प्रतिक्रिया दिए ।

मुस्लिम धर्मका धर्मगुरु बाह्रदशी ५ का महमद सहजाद आलमले २० दिनअगाडि कम उमेरको युवतीसंग विवाह गर्न आउँदा आफूहरुले जन्ती भारततिर नै फर्काइदिएको जानकारी दिए । उनले शिक्षा र चेतनाको कमीका कारण बालविवाहले अझै प्रश्रय पाइरहेको धारणा राखे ।

इसाई समाज झापाका अध्यक्ष इसहक सेन्चुरीले मानिसको तीनवटा कर्ममध्ये वैवाहिक कर्म आदरणीय र सम्माननीय हुनुपर्छ भन्दै बाल अधिकार बुझेर बाबुआमाले बालविवाह गराउन नहुनेमा जोड दिए। उनले आफूहरुले बालविवाह हुन नदिएको बताउँदै बालविवाह गराउन खोज्ने अभिभावकलाई संझाई बुझाई गर्ने गरेको जानकारी दिए ।

कार्यक्रममा बाह्रदशीका पुसक ताजपुरिया , मेचीनगरका ज्ञानबहादुर मगर , कचनकवलकी राधिका आचार्य , कचनकवलका श्यामलाल गणेश , टिकालाल राजवंशी , कचनकवलका महमद अजाज हुसैन र महमद इहासनुल हकले पनि बालविवाहका बारेमा आफ्ना अनुभव सुनाएका थिए ।

महिला जनचेतना केन्द्रकी अध्यक्ष सीता गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष राधा प्रधानले स्वागत मन्तव्यसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेकी थिइन् । कार्यक्रमको संचालन संचारकर्मी सुष्मा राजवंशीले गरेकी थिइन् । महिला जनचेतना केन्द्रले सन् २०१९ देखि बालविवाह न्यूनीकरणका लागि काम गर्दै आएको छ । संस्थाले मेचीनगर, बाह्रदशी र कचनकवलमा सो अभियान संचालन गर्दै आएको जनाएको छ ।

## दुर्गा प्रसाई पक्राउ परेको हल्ला

झापा(प्रस) । बुधवार आफू नेपालमै रहेको बताएका दुर्गा प्रसाईले बिहीवार आफूले भारतको आसाममा आत्मसमर्पण गरेको सामाजिक संजालमा उल्लेख गरेका छन् । भारतको आसाम राज्यको प्रहरीसमक्ष आत्मसमर्पण गरेको उनले



फेसबुकमा उल्लेख गरेपनि त्यसलाई नेपाल प्रहरीले पुष्टि गरेको छैन । हल्ला सुनिएपनि त्यसबारे जानकारी नभएको झापा प्रहरीका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले बताए । त्यस्तै इलाका प्रहरी कार्यालय काँकरभिट्टाका डीएसपी राजन लामाले पनि प्रसाई पक्राउ परेर नेपाल प्रहरीलाई सुपुर्दगी गर्नेबारे थाहा नभएको प्रतिक्रिया दिए । प्रसाई पक्राउ परेकोबारे भारतीय प्रहरीले पनि पुष्टि गरेको छैन ।

## अशक्त नाबालिकालाई बलात्कार गर्ने चुलाचुलीका वृद्ध पक्राउ



झापा(प्रस)। मानसिक रुपमा अशक्त भएकी नाबालिकालाई जबरजस्ती करणी गर्ने इलाम चुलाचुलीका एक वृद्ध पक्राउ परेका छन् ।

चुलाचुली गाउँपालिका वडा नं २ खत्री चोक बस्ने ७१ वर्षीय जयबहादुर कुमाल पक्राउ परेका हुन् । उनले चैत २५ गते ती नाबालिकालाई जबरजस्ती करणी गरेका थिए ।

प्रहरी चौकी पेल्टिमारीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई जिल्ला अदालत इलामबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता डीएसपी मानबहादुर राईले जानकारी दिएका छन् ।

## झापा गाउँपालिकाका विद्यालयहरु निल हुन जोगिए



कुमरखोद(प्रस) ।उत्कृष्ट नतिजा ल्याएका दुई सामुदायिक विद्यालयलाई झापा गाउँपालिकाले पुरस्कृत गरेको छ । पुरस्कृत हुनेमा मदरसा इस्लामिया रुहिमारी र कुवाडी देवी माध्यमिक विद्यालय रहेका छन् । झापा गाउँपालिकाले २०८१ सालको कक्षा ८ को वार्षिक परीक्षाको नतिजाका आधारमा शैक्षिक गुणस्तरमा सुधार गरेका सामुदायिक विद्यालय र त्यसका प्रधानाध्यापकलाई नगदसहित सम्मान गरेको हो । मदरसा इस्लामिया रुहिमारीले सामुदायिकतर्फ झापा गाउँपालिकाभरीका विद्यालयहरुलाई उछिन्दै ८३.३३ प्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराई प्रथम स्थान हासिल गरेको हो । त्यस्तै कुवाडी देवी माध्यमिक विद्यालयले ७३.८० प्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराउन सफल भएको छ । दुवै उत्कृष्ट विद्यालयलाई पालिकाले नगद ५० हजार र प्रधानाध्यापकहरुलाई प्रोत्साहनस्वरुप जनही १० हजारका दरले पुरस्कार प्रदान गरी सम्मान गरेको थियो । अन्य सामुदायिक विद्यालयलाई हेर्दा भानुभक्त आधारभूत विद्यालयले ४८.१४ , महेन्द्र माध्यमिक विद्यालयले ४७.५, डिल्लीराज माध्यमिक विद्यालयले २८ , रामजानकी आधारभूत विद्यालय २३.०७, त्रिभुवन आधारभूत विद्यालयले २१.६६ , जनता माध्यमिक विद्यालयले १८ , जनकल्याण माध्यमिक विद्यालयले १५.१५ , सिमलवाडी आधारभूत विद्यालयले १३.७९ , सरस्वती आधारभूत विद्यालयले ७.१४ र भृकुटी आधारभूत विद्यालयले ७.१४ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएका छन् । यसैगरी निजी विद्यालयतर्फ वन्डर लाईफ एकाडेमीले ९३.३३, साउथ होराइजन अंग्रेजी विद्यालयले ९२.५९ ,सेन्ट जेभियर्स सडकवारी स्कुलले ८६.६६, गौतम वुद्ध अंग्रेजी सेकेन्डरी स्कुलले ८० , चन्द्रज्योति अंग्रेजी सेकेन्डरी स्कुलले ७७.७७, जय पाथीभरा अंग्रेजी स्कुलले ७१.६०, टाईनी टट्स सेकेन्डरी स्कुलले ६६.६६ र लोयला स्कुलले ३७.५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएका छन् । यो तथ्याङ्कलाई हेर्दा झापा गाउँपालिकाका सामुदायिक विद्यालयहरु निजी विद्यालयको तुलनामा निकै कमजोर छन् । गत वर्षको तुलनामा यस वर्ष सामुदायिक विद्यालयले भने शैक्षिक गुणस्तरमा केही सुधार गरेको देखिन्छ । गत वर्ष केही विद्यालयहरु निल भएका थिए । गत वर्षको नतिजालाई हेरेर पालिकाले शिक्षा क्षेत्रको गुणात्मक सुधारका लागि यसै शैक्षिक सत्रदेखि उत्कृष्ट अंक ल्याई उत्तीर्ण गराउने विद्यालय र त्यसका प्रधानाध्यापकलाई प्रोत्साहनस्वरुप पुरस्कृत गर्ने नीति बनाएको झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बताइन् ।

## सरसफाईमा ध्यान दिन मेचीनगरका चार उद्योगलाई सचेत

मेचीनगर(प्रस) । सरसफाईमा ध्यान नदिएको भन्दै मेचीनगरका चार वटा खाद्य उद्योगलाई सचेत गराइएको छ ।

विहीबार मेचीनगर नगरपालिकाको सहकार्यमा जिल्लाको सरकारी निकायको बजार अनुगमन टोलीले दोस्रो दिन मेचीनगर-११, १० र ६ नम्बर वडामा रहेको चार वटा खाद्य उद्योगहरुमा सरसफाई नपाइएकोले सचेत गराएको हो ।



नगरपालिकाका खाद्य विश्लेषक दिपेन्द्र कार्कीले धाइजनको सूर्य पल्स एण्ड प्रोसेसिङ प्रालि, धुलाबारीको निशा पाउरोटी उद्योग, सोही ठाउँको अस्मिता पाउरोटी उद्योग र काँकरभिट्टाको नेहा स्नेहा बेकरी उद्योगमा अनुगमन गरिएको जानकारी दिए ।

अनुगमन गरिएका चार वटै उद्योगहरुमा उत्पादन गरिएका पाउरोटी, ब्रेड, डुनोट, विस्कुट, केक लगायतका खाद्य पदार्थ छेउछाउ सरसफाईमा ध्यान नदिएको र विभिन्न प्रकारका दालहरु प्रोसेसिङ गर्दा काममा खटिएका मजदुरहरुले मास्क र हेयर नेट प्रयोग नगरिएको पाइएकोले सचेत गराइएको कार्कीले बताए ।

त्यस्तै उद्योगले उत्पादन गरिएको सामग्री प्याकेजिङ गर्दा लेवल नराखेको, संस्था नवीकरण नगरेको, ढक, तराजु व्यवस्थितसँग नराखेको, भण्डारण र सुरक्षित राख्न ध्यान नदिएको पाइएको उनले बताए ।

मेचीनगर नगरपालिकाकी उपप्रमुख एवम् बजार अनुगमन समिति संयोजक मीना पोखरेल उप्रेतीको नेतृत्वको टोलीमा खाद्य विश्लेषक दिपेन्द्र कार्की, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरकी खाद्य निरीक्षक संगीता साह, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरका नायव सुब्बा सुरेश गौतम, गुणस्तर तथा नाप तौल कार्यालय भद्रपुरका नायव सुब्बा विजयनन्द चौधरी, इलाका प्रहरी कार्यालय धुलाबारीका सई जुनुम चौधरी, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका असई गोविन्दकुमार दास, नगर प्रहरीहरु प्रकाश बानियाँ, अजयकुमार राजवंशीलगायतको उपस्थिति रहेको थियो । बुधबार टोलीले मेचीनगर-९ स्थित पूजा फुड प्रोडक्सन उद्योगमा ताला लगाएको थियो भने अन्य उद्योगहरुलाई सचेत गराएको थियो ।

## इलाममा ट्र्याक्टर दुर्घटना, चालकको मृत्यु

झापा(प्रस)। इलाममा ट्र्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

बुधवार राति १०:५० बजे इलाम नगरपालिका ७ जिरोस्थित मेची राजमार्गमा धोबिधाराबाट जिरोतर्फ जाँदै गरेको को १ त ७३४१ नंम्बरको खाली ट्र्याक्टर आफै अनियन्त्रित भई दुर्घटना भएको हो ।

मृतक ट्र्याक्टर चालकको पहिचान खुलिसकेको छैन । जिल्ला इलाम( ठेगाना तत्काल नखुलेको) अन्दाजी वर्ष ४० का सुवास तामाङ भनिएपनि यकिन भइनसकेको प्रहरीले जनाएको छ । उनलाई उपचारको लागि जिल्ला अस्पताल इलाम पठाएकोमा राति ११:२० बजे डाक्टरले मृत घोषणा गरेका थिए ।घटनास्थलको मुचल्का तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय इलामबाट टोली खटिएको इलाम प्रहरीले जनाएको छ ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# पर्यटन व्यवसायको संस्थागत प्रवर्द्धनमा जोड

**• लक्ष्मी उप्रेती**

मेचीनगर । झापाको मेचीनगरमा सम्पन्न 'दोस्रो क्रस बोर्डर टुरिजम कनक्लेव'का सहभागीले पर्यटन व्यवसायको प्रवर्द्धन विस्तारमा नेपाल तथा भारतका पर्यटन व्यवसायीहरुबीच संस्थागत सम्बन्ध बलियो हुनुपर्ने बताएका छन् ।

नेपाल पर्यटन बोर्डका निर्देशक सूर्य थपलिया, नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स नाट्टा कोशी प्रदेशका निवर्तमान अध्यक्ष एवम् पर्यटन व्यवसायी उदयकुमार श्रेष्ठ, ईस्टर्न हिमालयन टुर एण्ड ट्राभल अपरेर्टस एशोसिएसन भारतका अध्यक्ष सुरेश ठकुरी, कार्यक्रम संयोजक संदिपपन घोष , भारतीय सञ्चारकर्मीहरु मानुस व्यानर्जी र अभिजित सिन्हाले 'क्रस वोडर टुरिजमका अवसर र चुनौती' बारेको सत्रमा छलफल गरेका थिए । उनीहरुले नेपाल तथा भारत सरकारबीच क्रस बोडर पर्यटनको सहजीकरणमा अझ बढी भूमिका खेल्नुपर्ने आवश्यकता औल्याएका थिए । 'यस्ता कार्यक्रमले नेपालमा भारतीय पर्यटकका लागि नयाँ गन्तव्य खुल्ने र नेपाली पर्यटकका लागि भारतसँग समेत ढोका खुलेको छ ' ईस्टन हिमालयन टुर एण्ड ट्राभल अपरेर्टस एशोसिएसन भारतका अध्यक्ष सुरेश ठकुरीले भने । दुवैक्षेत्र नेपालको कोशी प्रदेश र भारतको पूर्वी हिमालयनक्षेत्र जस्तै सिक्किम, दार्जिलिङलाई समेटेर संयुक्त टुरिजम प्याकेजहरु बनाउन र प्रवर्द्धन गर्न सजिलो हुने नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स नाट्टा कोशी प्रदेशका निवर्तमान अध्यक्ष एवम् पर्यटन व्यवसायी उदयकुमार श्रेष्ठले बताए । उनले यसले पर्यटकहरुलाई फराकिलो र आकर्षक भ्रमण विकल्पहरु प्रदान गर्ने विश्वास व्यक्त गरे ।

'क्रस बोडर टुरिजम आफै थियो' नेपाल पर्यटन बोर्डका निर्देशक सूर्य थपलियाले भने – 'नेपालीलाई भारत जान तथा भारतीयलाई नेपाल आउन भिसाको व्यवस्था नभएकै कारण दुवै देशका नागरिकलाई आउजाउ गर्न सहज छ । खुला सीमाको फाईदा हो यो । तर, यसलाई अझ बढी सहज बनाउँदै पर्यटकका रुपमा नेपाल आउने नागरिकलाई सामन्य नागरिकहरुभन्दा फरक रुपले हेर्नुपर्दछ । '

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स नाट्टा कोशी प्रदेश र ईस्टन हिमालयन टुर एण्ड ट्राभल अपरेर्टस एशोसिएसशन भारतबीचको एशोसिएट सदस्य सम्बन्धी सम्झौता (एमओयू)ले दुवैदेशका पर्यटन व्यवसायी (सदस्यहरु ) र समग्र क्षेत्रीय पर्यटनका लागि विभिन्न फाईदाहरु पुग्ने सहभागीहरुले विश्वास व्यक्त गरे । सीमापार पर्यटन सहजीकरण सदस्यहरुलाई एक अर्काको क्षेत्रमा पर्यटकहरु ल्याउन लैजान र भ्रमण सञ्चालन गर्न सहज हुने सहभागीहरुले बताए । नियम, अनुमति, प्रक्रिया र अन्य जानकारी आदानप्रदानले सहजता ल्याउने उनीहरुको भनाई थियो ।

व्यवसायिक सम्बन्ध सञ्जाल विस्तार, दुवै संस्थाका सदस्यहरुबीच आपसी सम्बन्ध बढ्ने, जस्ले नयाँ व्यपारिक अवसरहरु सिर्जना गर्ने समेत छलफलमा सहभागी व्यवसायीहरुले बताए । बजार पहुँच बृद्धि समेत हुने भन्दैं नाट्टा कोशीका सदस्यहरुले पूर्वी हिमालय क्षेत्रको बजारमा ईस्टन हिमालयन टुर एण्ड ट्राभल अपरेर्टस एशोसिएसन भारतका सदस्यहरुले कोशी प्रदेशका बजारहरुमा आफ्नो पहुँच बढाउन सक्ने बताइएको छ ।

नेपाल पर्यटन बोर्डले आयोजना गरेको 'दोस्रो क्रस वोर्डर टुरिजम कनक्लेव' उद्घाटन प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य गोपाल तामाङ र विशिष्ट अतिथि मेचीनगर नगरपालिका निमित्त नगर प्रमुख मीना पोखेल उप्रेतीले संयुक्तरुपमा गरेका थिए । कोशी प्रदेश सरकारले आगामी वर्ष २०८२ साललाई ' कोशी पर्यटन वर्ष' मनाउने घोषणा गरेको छ । प्रदेशमा पर्यटकको संख्या र बसाइ अवधिलाई वृद्धि गर्ने लक्ष्य सरकारले लिएको छ । पर्यटन वर्षमा पर्यटकीय गन्तव्यहरुको पहिचान, स्तरोन्नति तथा प्रचारप्रसार गर्ने, रोजगारी सिर्जना गर्ने, पर्यटनमा निजी क्षेत्रको लगानी अभिवृद्धिका लागि सहजीकरण गर्ने र पर्यटन क्षेत्रलाई कोशी प्रदेशको आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित गर्ने उद्देश्य राखिएको र यी उद्धेश्य पुरा गर्न पनि यहाँहरुको निकै साथ र सहयोग आवश्यक पर्ने प्रमुख अतिथि कोशी प्रदेश सदस्य तामाङको भनाई थियो । पर्यटन वर्षका लागि भारतीय नाकाबाट प्रवेश गर्ने पर्यटकको सवारीमा स्टिकर टाँस्ने र स्टिकर टाँसेपछि सडकमा यात्रामा थप चेकजाँच नगर्ने सरकारको तयारी रहेको उनको भनाई छ ।

पर्यटन वर्षका लागि सरकारले '८२ का लागि ८२ पर्यटकीय गन्तव्य' सूची पनि तयार गरेको छ । नेपालकै होचो क्षेत्र झापाको केचनादेखि विश्वको सर्वोच्च शिखर सगरमाथा कोशी प्रदेशमा पर्छ । विश्वका १० अग्ला हिमालमध्ये ५ वटा हिमाल पनि कोशी प्रदेशमै छन् । सरकारले पर्यटन वर्षका लागि १० करोड बजेट विनियोजन गरेको उपप्रमुख उप्रेतीले बताईन् । यसकारण पनि यो कार्यक्रम कोशी प्रदेश सरकारले घोषणा गरेको 'कोशी पर्यटन वर्षका लागि कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गरिन् ।

सरकारले २०२० लाई भ्रमण वर्ष मनाउने घोषणा गरेको थियो । तर, कोभिड-१९ बाट विश्व नै आक्रान्त बनेपछि त्यसले पूर्णता पाउन नसकेको उनीहरुको भनाई थियो । कोशी प्रदेश पर्यटनको हिसाबले नेपालको मात्रै नभइ विश्वकै उत्कृष्ट गन्तव्य भएको छ । यद्यपि, यथोचित प्रचारप्रसार र गन्तव्यहरुको प्रवर्धन गर्न नसक्दा चाहेजस्तो उपलब्धि हासिल भएको छैन् । मुलुकको पर्यटन प्रवर्द्धन र बिकासका लागि सीमाक्षेत्रको पनि उल्लेखनीय भूमिका रहेको हुन्छ । त्यसकारण पनि नेपालको सुदूरपूर्व नेपाल प्रवेशको पहिलोद्वार झापाको मेचीनगरमा ' दोस्रो क्रस बोर्डर टुरिजम कनक्लेव' भएकोमा खुशी व्यक्त गरिएको छ । कार्यक्रममा नेपाल पर्यटन बोर्डका निर्देशक सूर्य थपलिया, अध्यागमन कार्यालय काँकरभिट्टाका प्रमुख तुलसीप्रसाद भट्टराई, ईस्टर्न हिमालयन टुर एण्ड ट्राभल अपरेर्टस एशोसिएसन भारतका अध्यक्ष सुरेश ठकुरीलेलगायतले बोलेका थिए ।

नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स नाट्टा कोशी प्रदेशका अध्यक्ष पुण्यप्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स नाट्टा कोशी प्रदेशका महासचिव नविन खरेलले गरेका गरेका थिए । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै कार्यक्रम संयोजक एवम् नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स नाट्टा कोशी प्रदेशका निवर्तमान अध्यक्ष एवम् पर्यटन व्यवसायी उदयकुमार श्रेष्ठले आजको कार्यक्रमबाट भएको नाट्टा कोशी प्रदेश र ईस्टन हिमालयन टुर एण्ड ट्राभल अपरेर्टस एशोसिएसन भारतबीचको एशोसिएट सदस्यका लागि एमओयू र क्रस बोडर टुरिजम सम्बन्धी प्यानल डिस्कसलगायतका प्रमुख काम हुने बताएका थिए ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक राजन लामा, सशस्त्र प्रहरी बल नेपाल, प्रस्तावित सीमा सरक्षा गुल्म काँकरभिट्टाका प्रमुख सशस्त्र प्रहरी नायव उपरीक्षक शमशेर कार्की, नेपाललगायत भारतका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख प्रतिनिधि, दुवै देशका पर्यटन व्यवसायीसहित सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल र भातरतका विभिन्न पर्यटकीय स्थलको बृत्तचित्र प्रस्तुत गरिएको थियो ।

## पछिल्लो २४ घण्टामा चट्याङबाट ५ जनाको मृत्यु

झापा(प्रस) । पछिल्लो २४ घण्टामा चट्याङका कारण देशभर ५ जनाको मत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विभिन्न पाँच जिल्लामा ५ जनाले ज्यान गुमाएका हुन् ।

डोटीको सायल गाउँपालिका-६ दल्लेखमा ३३ वर्षीया महिलाको मृत्यु भएको छ । सो स्थानमा ७ जना घाइते भएका छन् । बझाङको बित्थडचिर गाउँपालिका-३ मा ७८ वर्षीया महिलाको मृत्यु भएको छ । सो ठाउँमा २ जना बालिका घाइते



भएका छन् ।

झापाको गौरादह नगरपालिका-५ स्थित बालुबथानमा ५४ वर्षीय पुरुषको मृत्यु भएको छ । पानीसँगै परेको चट्याङको झड्का लागेर उनको मृत्यु भएको हो ।

मोरङको कानेपोखरी गाउँपालिका-१ मा १२ वर्षीय बालकको मृत्यु भएको छ । धनुषाको नगराईन नगरपालिका-८ अकौरामा ६० वर्षीया महिलाको मृत्यु भएको छ । खेतमा गएको अवस्थामा चट्याङ लागेर उनको घटनास्थलमा नै मृत्यु भएको प्राधिकरणले जनाएको छ ।

बुधवार रातिबाट आएको वर्षाका कारण कालिकोटको रास्कोट नगरपालिका-६ मा लेदो सहितको पानीको कारण एउटा घरमा क्षति पुगेको छ । सल्यानको कपुरकोट गाउँपालिका-३ स्थित चोरखोला स्थित राप्ती राजमार्गमा पहिरोका कारण क्षति पुगेको छ । त्यस्तै कालिकोटको सुर्खेत-हुम्ला सडक अवरुद्ध भएको छ ।

विपद्मा परेर देशभर १६ जना घाइते भएको प्राधिकरणले जनाएको छ ।

## नेपाल बार एसोसिएसनको अध्यक्षमा मिश्र निर्वाचित



झापा(प्रस) । नेपाल बार एसोसिएसनको अध्यक्षमा प्राडा विजयप्रसाद मिश्र निर्वाचित भएका छन्। प्रतिस्पर्धी वरिष्ठ अधिवक्ता रमन श्रेष्ठलाई पराजित गर्दै मिश्र बार एसोसिएसनको अध्यक्षमा निर्वाचित भएका हुन्।

अन्तिम मतपरिणामअनुसार मिश्रले पाँच हजार ५२ मत प्राप्त गरेको छन् भने श्रेष्ठले दुई हजार ६ सय २१ मत पाए। निर्वाचित भएपछि नवनिर्वाचित अध्यक्ष मिश्रले बारमा सबैलाई समेटेर एकजुट भएर अघि बढ्ने बताए।

स्वतन्त्र न्यायपालिकाको वास्तविक रूपमा स्थापित गर्न र स्वच्छ न्यायपालिकाको स्थापनाका लागि पहल गर्ने उनले बताए। मिश्रले लयर्स एकेडेमीको स्थापनामार्फत कानुन व्यवसायीहरूको अध्ययन प्रशिक्षण तथा तालिमका लागि प्रयाप्त अवसरको व्यवस्था गरिने उल्लेख गरे। उनले संविधान संशोधनमा समेत बारले महत्वपूर्ण योगदान पुऱ्याउने बताए।

त्यस्तै बारको उपाध्यक्षमा कोशी प्रदेशबाट पदमप्रसाद लिम्बु, मधेसबाट अजयशंकर झा, बागमतीबाट तेजबहादुर रावल, गण्डकीबाट भुपेन्द्र खनाल, लुम्बिनीबाट कृष्णप्रसाद पोखेल, कर्णालीबाट विवशकुमार बस्नेत र सुदूरपश्चिमबाट सिद्धराज ओझा निर्वाचित भए।

त्यस्तै महिला उपाध्यक्षमा सरस्वती श्रेष्ठ विजयी भएकी छन् । महासचिवमा यज्ञमणि न्यौपाने निर्वाचित हुँदा कोषाध्यक्षमा जगतबहादुर कार्की विजयी भए। नेपाल बारको चुनावमा मिश्रको प्यानल नै निर्वाचित भएको हो।

## सिबुचे भिरबाट लडेर बेल्जियन आरोहीको मृत्यु



झापा(प्रस)।सोलुखुम्बुको माप्य दूधकोशी गाउँपालिका वडा नम्बर-७ स्थित सिबुचे भिरबाट लडेर एक विदेशी नागरिकको मृत्यु भएको छ । बिहीबार बिहान चिप्लिएर बेल्जियमका ६४ वर्षीय आन्द्रे डेक्लियरको मृत्यु भएको स्थानीय टेकहादुर राईले जानकारी दिए । माप्य दूधकाशी गाउँपालिकाका उपाध्यक्ष गौरव राईका अनुसार डेक्लियर मेरापिक हिमाल चढ्न आएका थिए । प्रतिकूल मौसमका कारण उद्धारका लागि हेलिकप्टर तत्कालै आउन नसकेको राईको भनाई छ ।

## मेचे समुदायको वैशागु वथर पर्व भव्यरुपमा मनाइदै

मेचीनगर(प्रस)। मेचे समाज शिवियारी आफातले आगामी बैशाख ३ गते वैशागु वथर पर्व मेचीनगरमा भव्यरुपमा मनाउने भएको छ । नेपाल र भारतका मेचेहरुलाई एक ठाउँमा भेला




गराई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वैशागु वथर मनाउने तयारी गरिएको हो । मेचीनगर-११, धाइजन स्थित आफातकै भवन परिसरमा आयोजित पत्रकार सम्मेलनमा भाषा र संस्कृति संरक्षण गर्ने उद्धेश्यले वैशागु वथर पर्व भव्य गर्न लागिएको जानकारी गराइएको छ ।मेचे समुदायलाई एकजुट गरी भाषा संस्कृतिलाई संरक्षण गर्ने उद्धेश्यले वैशागु वथर पर्वमा नेपालका संघीय संसदका सभामुख देवराज घिमिरे र भारत आसाम राज्यका विधायन समितिका सभामुख विश्वजित दइमारीलाई ल्याउन लागेको मेचे समाज शिवियारी आफातका केन्द्रीय अध्यक्ष विरेन मेचेले जानकारी दिए । दुवै देशका सभामुखसंगै संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा विभिन्न समुदायको उपस्थिति रहने जनाइएको छ ।

२० लाख ३० हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको पर्वमा विभिन्न जाति समुदायका करिव २५ सयले अवलोकन गर्ने अपेक्षा रहेको समितिका केन्द्रीय सचिव महेश मेचेले बताए ।

झापाका १५ वटा पालिकामध्ये ९ वटा पालिकामा मात्र मेचे जातिको बसोबास रहेको छ । लोपोन्मुख समुदायमा पर्ने मेचे जातिको जनसंख्या २०७८ सालको जनगणना अनुसार पाँच हजार १९३ जना रहेको केन्द्रीय सदस्य अमर मेचेले जानकारी दिए । ९ वटा पालिकामा बाह्रदशी, हल्दिबारी, झापा, कमल, कचनकवल गाउँपालिका तथा भद्रपुर, बिर्तामोड, अर्जुनधारा र मेचीनगर नगरपालिकामा मेचे समुदायको बसोबास रहेको जनाइएको छ ।

९ वटै पालिकामा बैशागु बथर पर्वमा स्थानीय विदा दिनु पर्ने माग समेत गरेका छन् । केही दिनअघि आफातका मेचीनगर अध्यक्ष देशभक्त मेचेको नेतृत्वमा गएको टोलीले मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकीलाई वैशागु वथर पर्वमा सार्वजनिक विदा दिनु पर्ने मागसहित ज्ञापनपत्र बुझाएको थियो ।


### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, भद्रपुर न.पा वडा नं.-०५ स्थायी ठेगाना भई झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं.-०५ बस्नुहुने, श्री शेख अहमदका नाति, श्री शेख असिरुदिनका छोरा, श्रीमान शेख फजलु रहमानको मिति २०८१/१०/१५ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय भद्रपुरमा रहेको वचत खाता नं. ००९०१००००२२७५९३०००००१ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा रजीवुदिन शेखले मिति २०८१/१२/ २१ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


## सिम्रिकको स्वास्थ्य शिविरबाट करिव १५ सय लाभान्वित

झापा(प्रस)।बिर्तामोडमा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट १ हजार ४०० भन्दा बढीले सेवा लिएका छन्।

पूर्वी पहाडी जिल्ला इलाम र पाँचथरको ग्रामीण भेगमा आयोजना गरिएको स्वास्थ्य शिविरबाट १हजार ४ सय ३४ जनाले सेवा लिएका हुन्।

सिम्रिक साकोसको आयोजना र इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका वडा नं ६ र ७ को व्यवस्थापनमा शिकारी भञ्ज्याङमा भएको स्वास्थ्य शिविरबाट जनरल मेडिसिन विभागतर्फ १५५ , मानसिक रोग विभागतर्फ १५ जना , प्रसुति तथा स्त्री रोग विशेषज्ञ सेवा ८७ , बाल रोग विशेषज्ञ २१ , हाडजोर्नी तथा नसारोग विशेषज्ञ सेवा १५४, नाक कान घाँटी ४४ , दन्तरोग ४३ , शल्यक्रिया परामर्शमा २० जना, आँखाको जाँच ९६ , रेडियोलोजी (भिडियो एक्सरे) ४३ जना र प्रयोगशाला ल्याब रगत पिसाब जाँचमा १०२ गरी कुल ८ सय ८३ जनाले सेवा लिएको सिम्रिक साकोसका कार्यकारी




प्रमुख कमलबहादुर बस्नेतले जानकारी दिए ।

आफ्नो मातहतको सेवाकेन्द्रका सदस्य तथा अन्य स्थानीयलाई सेवा दिइएको उनले जानकारी दिए।

सामाजिक उत्तरदायित्व बहन गर्दै अस्पतालको पहुँचभन्दा टाढा रहेका विपन्न समुदायका नागरिकलाई लक्षित गरेर स्वास्थ्य शिविरको आयोजना गरिएको कार्यकारी प्रमुख बस्नेतले बताए ।

नोबेल शिक्षण अस्पताल विराटनगरको प्राविधिक बिशेषज्ञसहितको टोलीले बिरामीको स्वास्थ्य जाँच गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि फाकफोकथुम गाउँपालिका अध्यक्ष दिपेन्द्र खनालले सामान्य सेवाका लागि अस्पताल धाउनु पर्ने बाध्यतामा रहेका स्थानीयलाई आफ्नै ठाउँमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाएकोमा सिम्रिक साकोसको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरेका थिए ।

शिविरबाट आफूहरुलाई धैरै नै फाइदा पुगेको सेवा लिन आएका स्थानीयको भनाइ थियो ।

त्यस्तै संस्थाले पाँचथरको कुम्मायक गाउँपालिकामा पनि स्वास्थ्य शिविरको आयोजना गरेको थियो । गाउँपालिकाको व्यवस्थापनमा भएको स्वास्थ्य शिविरमा ५५१ जनाले सेवा लिएका थिए । शिविरबाट जनरल मेडिसनतर्फ ७५ जना, मानसिक रोग विभाग ५ जना, प्रसुति तथा स्त्री रोग विशेषज्ञ सेवा ४७ जना, बाल रोग विशेषज्ञ ९ जना, हाडजोर्नी तथा नसारोग विशेषज्ञ सेवा ७७ जना, नाक, कान, घाँटी विशेषज्ञ सेवा ३५, दन्त रोग विशेषज्ञ सेवा ४० जना, शल्यक्रिया परामर्शमा १५ जना, आँखाको जाँचमा ७०, रेडियोलोजी (भिडियो एक्सरे) ६१ जना, मुटुको जाँच (इसीजी) ४१ जना र प्रयोगशाला ल्याब (रगत पिसाब जाँच) ७६ जना गरी जम्मा कुल ५ सय ५१ जनाले विशेषज्ञ सेवा लिएका थिए ।

सिम्रिक सहकारीले बचत तथा ऋणको मात्र कारोबार गर्ने नभई सदस्यको हितमा बिगतदेखि नै काम गर्दै आइरहेको बताउँदै अध्यक्ष सुवास भट्टराईले यसलाई निरन्तरता दिंदै लगिने जानकारी दिए । उनले आर्थिक अभावकै कारण सामान्य स्वास्थ्य परीक्षणका लागि पनि घरमै रोग पालेर बस्नु पर्ने बाध्यताका बिरामीलाई लक्षित गरेर शिविर आयोजना गरिएको बताए । उनले यसअघि पनि झापाका बिभिन्न पालिकामा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिसकिएको जानकारी दिए ।


### जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, कोशी प्रदेश

### कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

प्रथमपटक प्रकाशित मितिः २०८१/१२/२९

यस संस्थाको तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रक्रिया शुरु गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपशिल :

| क.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | नागरिकता नं |
|---|---|---|---|---|---|---|
| १ | लालसिंह राजवंशी | बिर्तामोड ३ | बासु राजवंशी | झरु राजवंशी | सुष्मा राजवंशी | ०१२८३००४ |
| २ | मानसिंह राजवंशी | बिर्तामोड ३ | बासु राजवंशी | झरु राजवंशी | | ०१२८२३३२ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चट्याङबाट जोगिऔं

पछिल्लो २४ घण्टामा चट्याङका कारण देशभर ५ जनाको मत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विभिन्न पाँच जिल्लामा ५ जनाले ज्यान गुमाएका हुन् ।

पछिल्लो समय चट्याङबाट मानवीय तथा अन्य क्षति भएका खबर आइरहेका छन् । मनसुन सक्रिय नहुँदै चट्याङका घटना बढ्न थालेका छन् । विशेषगरी मनसुन र प्रि–मनसुनको समयमा बढी मात्रामा चट्याङ पर्छ । के सहर, के बजार, के गाउँ, के तराई, के पहाड सबैतिर चट्याङ पर्ने गरेको छ । विशेषगरी आकाशमा कालो बादल मडारिन थालेपछि चट्याङ पर्ने सम्भावना बढी हुन्छ ।विज्ञान र प्रविधिको अधिकतम् प्रयोग गरेर कुन स्थानमा चट्याङ पर्छ भन्नेबारेमा पत्ता लगाउन जल तथा मौसम विज्ञान विभागले प्रयास गरे पनि त्यसमा हालसम्म कुनै सफलता हासिल हुन सकेको छैन । विपरीत स्थानबाट आएका बादल एकापसमा घर्षण हुँदा त्यसबाट विद्युतीय शक्ति पैदा हुन्छ ।

त्यसबाट प्रकाश र आवाज दुवै उत्पन्न हुन जान्छ । त्यसलाई बुझ्िने भाषामा चट्याङ भनिन्छ । चट्याङबाट हुने मानवीय क्षति पहिरोबाट भन्दा पनि बढी छ । चट्याङबाट जोगिन घरभित्रै बस्ने गर्नुपर्छ । खुला स्थान वा ठूला रुख वा संरचनाको मुनि सकेसम्म बस्नु हुँदैन । चट्याङ पर्ने खतरा बढेका बेला घरभित्रै भए विद्युतीय उपकरण बन्द गर्नुपर्छ । खुला स्थान वा अग्ला डाँडामा चट्याङको जोखिम बढी हुन्छ । त्यस्ता स्थानमा सकेसम्म जानु हुँदैन । बादलमा जम्मा भएको विद्युतीय शक्ति आकाशबाट पृथ्वीतिर आउनेक्रममा जुन वस्तु नजिक पर्छ, त्यही वस्तुमा चट्याङले हान्ने हुँदा टावर, अग्ला रुख, अग्ला संरचनामा चट्याङ पर्ने सम्भावना बढी हुन्छ । तसर्थ, चट्याङबाट आफू पनि जोगिऔं, अरुलाई पनि जोगाउन पहल गरौं ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अर्थ राजनीति र छिमेकी मुलुक



• वामदेव क्षेत्री (घिमिरे)

अर्थ राजनीतिको उत्पत्ति पुँजीवादी समाज व्यवस्थाको विश्लेषणका रूपमा भएको हो । पुँजीवादी अर्थशास्त्री आदम स्मिथ, डेबिट रिकार्डो आदिको अनुसन्धानबाट अगाडि बढेकोलाई कार्ल मार्क्सले राजनीतिक अर्थतन्त्रको समष्टिगत प्रणालीको विकास गरेर मानव समाजको पुँजीवादबाट समाजवादमा अनिवार्य रूपान्तरणको औचित्य र आवश्यकता साबित गरे । अर्थ राजनीतिले आम रूपमा मानव समाजको विभिन्न चरणका उत्पादन सम्बन्धबारे अध्ययन गर्छ । माओले अर्थ राजनीतिक र ऐतिहासिक भौतिकवाद दृष्टिकोणलाई नजिकको बन्धु भन्नुभएको छ । किनकि उत्पादन सम्बन्ध अन्तर्गत उत्पादनका साधनको स्वामित्व उत्पादनका क्रममा मानिसहरूको सम्बन्ध र वितरण प्रणाली पर्छन् भने उत्पादन सम्बन्धको अध्ययनका निम्ति साथमा उत्पादक शक्ति र उत्पादन सम्बन्धमा उपरिसंरचनाको सकारात्मक र नकारात्मक प्रभावको पनि अध्ययन गर्नु पर्छ । अर्थ राजनीतिले एउटा सामाजिक उत्पादन प्रणालीबाट अर्को सामाजिक उत्पादन प्रणालीमा रूपान्तरणको अध्ययन गर्छ ।

**नेपाल–भारतसम्बन्धी अर्थ राजनीति**

नेपालको आर्थिक स्थिति कमजोर हुनुमा अर्थात् अल्पविकसित अवस्थामा रहनु प्राकृतिक स्रोतसाधन कमी भएर वा नेपालका जनताको अल्छिपनाले भएको होइन । यसका लागि देशको भित्र र बाहिर प्रतिगामी वर्ग सम्बन्धको कारण नै हो भन्ने कुराको सन् १८१६ को सुगौली सन्धी पहिलेको अवस्था र त्यसपछिको अवस्थालाई अध्ययन गर्न सकिन्छ । नेपाल पहिलो ब्रिटिस औपनिवेशिकको उत्पीडनमा पर्‍यो । त्यसले सन् १८१६ को औपनिवेशिक सन्धि र सन् १९२३ को वाणिज्य सन्धि जसले नेपाललाई भारतको साझा बजार बनायो । त्यसपछि सन् १९५० को असमान सन्धि र खुला सिमानाका कारण बाह्य साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको ध्वंशात्मक प्रभाव पर्‍यो जसका कारण सन् १९५० को दशकपछि विश्व साम्राज्यवादसँग व्यापार, वित्तीय र अन्य विविध प्रकारले गासिँदै गयो । हो भारतसित नेपाली जनताको सम्बन्ध आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक या धार्मिक र राजनीतिक अन्य देशभन्दा नजिकको हो ।

भारतमा ब्रिटिस औपनिवेशवादी विरोधी आन्दोलनमा नेपालको पनि भूमिका रह्यो । राणाहरूले त्यो आन्दोलनबाट प्रभावित भएर जमिन्दारहरूलाई जमिनको स्वामित्व पनि दिए । राणाहरूले नेपालमा टिक्न नसकेर आफ्नो चल सम्पत्ति लिएर भारत पसे भने भारतको संघर्ष वर्गीय विचारधारात्मक प्रतिनिधित्व थिएन, बरु आर्थिक रूपले सम्पन्न, सांस्कृतिक रूपमा उच्च कुलीन र सामन्त परिवारले आन्दोलनको नेतृत्व सहरदेखि गाउँसम्म गरेका थिए । स्वतन्त्र संघर्षको विजयपछि भारतले छिमेकी मुलुकलाई शङ्काको दृष्टिले हेर्न थाल्यो भारतले पाकिस्तानसँग पटक पटक शङ्का गर्‍यो । चीनसँग सीमा जोडिएको हुनाले र विवाद पनि बनेको हुँदा स्वाभाविक रूपले नेपाल रणनीतिको थलो बन्यो । चिनियाँ क्रान्ति वर्गीय दृष्टिकोणको थियो । त्यसैले नेपाललाई हेर्ने दृष्टिकोण भिन्न छ भने भारतको स्वतन्त्र संघर्ष वर्गीय रूपमा नहुँदा नेपाललाई हेर्ने दृष्टिकोण हेपाहा प्रवृत्तिको छ ।

सन् १९५० को सन्धीमार्फत नेपालमा भारतीय शासक वर्गको औपनिवेशिक, औद्योगिक, व्यापारिक, वित्तीय तथा मौद्रिक एकाधिकार कायम छ । भूपरिवेष्ठित राष्ट्रले पाउनुपर्ने अधिकारविपरीत व्यापार तथा पारवाहन सन्धि र अझ सन्धि सम्झौताबाट उत्पीडन भएको छ भने अर्धऔपनिवेशिक सम्बन्धमा आर्थिक, राजनीतिक, सैनिक सांस्कृतिक, बहुआयाम छन् र नेपाल त्यसबाट मुक्ति नपाई आर्थिक क्षेत्रमा, सामाजिक क्षेत्रमा, विकास गर्न अफ्ठ्यारो परेको छ । १९२३ को वाणिज्य सन्धि र १९५० को शान्ति तथा मैत्री सन्धिले कायम गरेको साझा बजार र खुला सिमानाका कारणले नेपालको वित्तीय र मौद्रिक स्थिति पूर्ण रूपले भारती वित्तीय र मौद्रिक नीति र त्यसको अधिनस्त भएको हुँदा राष्ट्रिय पुँजी निर्माण र औद्योगीकरणमा ज्यादै प्रतिकूल असर परेको छ । त्यसबाट निस्कन नेपालले पहल गर्नु पर्छ । भारतसँग रहेको यो अर्धऔपनिवेशिक सम्बन्धले आन्तरिक वर्ग सम्बन्ध र आर्थिक सामाजिक सम्बन्धको विकास र सारमा राष्ट्रिय पुँजी निर्माणमा नकारात्मक अवसरबाट नेपाल सचेत हुन आवश्यक छ ।

भारत अहिले आफ्नो मिश्रित अर्थतन्त्र कल्याणकारी राज्यको ठाउँमा नवउदारवादी अवधारणामा रूपान्तरण हुँदै छ । नेपालप्रतिको दृष्टिकोण भावनात्मक र सामाजिक कम तथा व्यापारिक बढी भएको पाइन्छ । नवउदारवादी अर्थ राजनीति अवधारणामा अगाडि बढेको देशले आफ्नो प्रभाव क्षेत्रमा अरूको प्रवेश अस्विकार्य गर्नु अस्वाभाविक पनि होइन । क्षेत्रीय रूपमा उसले चीनसँग प्रतिस्पर्धा गरेको महसुस गर्छ र नेपाललाई प्रयोग गर्न चाहन्छ । विश्वकै औद्योगिक शक्तिका रूपमा खडा भएको चीनको प्रभावलाई दक्षिण एसियाबाट कमजोर पार्न उसले संयुक्त राज्य अमेरिकासँग सम्बन्ध बढाएको पाइन्छ । त्यसैले पनि आठ खर्ब २० अर्ब ७८ करोड लगभग व्यापार घाटा बेहोरिरहेको नेपालले संरचनागत परिवर्तन कृषि क्षेत्रमा, औद्योगीकरणमा, कृषिजन्य उद्योगको स्थापना गर्न अनिवार्य भएको छ । साम्राज्यवादी अर्थ राजनीतिबाट सहयोग प्राप्त भारतीय बहुराष्ट्रिय कम्पनीले भारतको राजनीतिमा मात्र प्रभाव पार्दैन, त्यसको असर नेपालको राजनीति र आर्थिक क्षेत्रमा पर्ने छ । त्यसमा नेपाल गम्भीर बन्नै पर्छ ।

**चीन र नेपालसम्बन्धी अर्थ राजनीति**

चीनसँग नेपालको सम्बन्ध मित्रताको छ र व्यापारिक दृष्टिकोणले पनि सम्बन्ध प्रगाढ बनेको छ । चीन पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक देशबाट परिचित थियो । २० औं शताब्दीको पहिलो र दोस्रो दशकमा आइपुग्दा चीन संसारकै गरिब मुलुकमा चिनिएको थियो । सानो स्तरमा रहेको औद्योगिक अवस्था तत्काल नेपालकै जस्तै पुँजी, वित्त, प्राविधिक र बजारका लागि विदेशीमा निर्भर थियो । चीनको नेतृत्व बुर्जुवा वर्गको हातमा थियो र त्यो वर्गले चिनियाँ जनतालाई सङ्गठित रूपान्तरण गर्न सम्भव थिएन । उत्पीडन जहाँ हुन्छ त्यहाँ प्रतिरोध हुन्छ भन्ने विज्ञानको नियमानुसार त्यहाँ वर्ग संघर्षको थालनी भयो । सन् १९४९ मा चिनियाँ कम्युनिस्ट पार्टीले सत्ता लियो । चिनियाँ कम्युनिस्ट पार्टीलाई चुनौती थिए । प्रथम चीनको आर्थिक तथा राजनीतिक दुरवस्थालाई घटाएर पश्चिमी शक्तिको हारहारीमा लैजाने, दोस्रो चिनियाँ जनताको जीवनस्तर उकास्ने, तेस्रो चिनियाँ राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने र विश्वव्यापी रूपमा स्थापित गर्ने । त्यो योजना क्रान्तिको २० वर्षमा जमिन्दारी प्रथा उन्मूलन, दलाल नोकरशाही पुँजीवादी र वैज्ञानिक पुँजीलाई सन् १९७० को दशकमा ३० प्रतिशत राष्ट्रिय आयको बचत गरी दोस्रो लक्ष्य हासिल गर्न उत्पादनका साधन राज्यको नियन्त्रणमा लिन केन्द्रीकृत योजना लागु गर्ने, घरेलु बजारमा राज्यको पूर्ण नियन्त्रण राख्ने काम भयो चीनले बितेको दुई दशकमा लगभग १० प्रतिशतको हाराहारीमा कुल गार्हस्थ उत्पादनको वृद्धिदरलाई कायम राख्न सक्यो ।

अर्थशास्त्री रेमन लोटानले उल्लेख गरेका छन्, जबकि साम्राज्यवादी मुलुकले त्यस अवधिमा २.४ प्रतिशत मात्रा कायम राखे तर चीन प्रतिव्यक्ति आयको हिसाबले पश्चिमी देशको तुलनामा अझै पछाडि र कमजोर छ । माओको मृत्युपछि देङ स्याओपिङले चीनलाई आधुनिकीकरणतर्फ लगे, चिनियाँ अर्थतन्त्र समाजवादी ढाँचा छाडेर आधुनिक पुँजीवादी ढाँचामा अगाडि बढ्यो । चीनको अर्थतन्त्रमा विदेशी पुँजीको सहभागिता बिप्पा सन्धिमार्फत छ । अर्थतन्त्रमा राम्रो जग मात्र होइन केही दशकमा संसारकै ठुलो अर्थतन्त्र भएको देश बन्नेवाला छ चीन । विगत केही दशकबाट चीन र भारतको व्यापारिक कारोबार बढेको छ । भारत चीन मात्र होइन चीनको बजार विस्तार विश्वमा बनाउने कोसिसमा छ । भारत र चीनको सीमा विवादले बिचमा रहेकाले रणनीतिक महत्व राख्छ ।

नेपालमा भारतको प्रभाव देखेपछि चीनले पनि पहाडी भूगोल मात्र नभएर नेपालको तराई क्षेत्रमा पनि चासो बढाएको देखिन्छ । तिब्बतीको विषयलाई लिएर नेपाल चीनसँग कहीँ न कहीँ मुछिने काम भएको पाइन्छ । नेपालले दुई छिमेकी मुलुकविरुद्ध नेपालमा कुनै पनि गतिविधि नहुने वचनबद्धता दिए पनि दुवै मुलुक ढुक्क छैनन् । यी दुई मुलुकबिच व्यापार, उद्योग वा उत्पादन र प्रयोगमा अस्वस्थ प्रतिस्पर्धा भयो भने त्यसको प्रत्यक्ष मार नेपालले भोग्नुपर्ने छ । त्यसको असर नेपालको अर्थ राजनीतिमा पर्नेवाला छ । यिनै दुवै अलग अलग पृष्ठभूमिका देश भए पनि दुई देशबिच समन्वयकारी भूमिका खेल्न नेपाल चनाखो हुनु पर्छ । दुवै देशलाई सन्तुलनमा राखी अर्थ राजनीतिमा आफ्नो हितमा काम गर्नु पर्छ नेपालले ।

हाम्रो एकविरुद्ध अर्कालाई समर्थन गर्ने नीति भयो भने नेपालको हकमा फलदायी हुँदैन किनकि हाम्रो अर्थतन्त्रमा औद्योगीकरण लगभग शून्य छ । दुई वटा छिमेकी मुलुक संसारलाई धान्ने गरी औद्योगिक उत्पादन गरिरहेकाले पनि संरचनागत परिवर्तन नगरी आफ्नो अस्तित्व धान्न र अर्थतन्त्रको जग बसाल्न पनि नेपालका लागि कठिन हुन सक्छ । त्यसैले यी दुवै मुलुकबिच समन्वयकारी भूमिका निर्वाह गर्न आवश्यक हुन्छ ।

**निष्कर्ष**

अन्त्यमा विदेशी सहायताले अन्धो भइसकेको नेपाली समाजका व्यक्ति मुख्यतः अग्रपङ्क्तिमा रहेका राजनीतिक दल अल्छी बनिसकेका छन् । त्यसले नेपालको अर्थ राजनीतिको क्रान्ति एवं सामाजिक रूपान्तरणको प्रश्न जटिल बन्दै गएको छ । यसरी हेर्दा छिमेकी मुलुकको धरातलीय प्रतिस्पर्धा एवं टाढाका छिमेकीको वर्चस्वमा अल्झिएको नेपालको अर्थ राजनीतिका सीमा र भूराजनीतिक बाध्यताले अप्ठ्यारो पार्न सक्छ । नेपालको प्रतिस्पर्धा क्षमतालाई जङ्गबहादुर कुँवरले भनेका थिए, "फिरङ्गी बलियो कालले, भोटे बलियो बलले र गोर्खाली बलियो छलले । उनको भनाइ सान्दर्भिक छ, नेपालले पश्चिमी प्रविधि, चिनियाँ शक्ति र भारतको सर्वव्यापकताभित्र आफू अनुकूल राजनीति, सामाजिक तथा आर्थिक वर्चस्व स्थापना गर्न निरन्तर प्रयत्न गर्नु पर्छ । त्यसका लागि मार्क्सवादी अर्थ राजनीतिको दर्शन नै नेपालका लागि आवश्यक छ ।

# बजेट तर्जुमाअघि सोच्नुपर्ने विषय



• डा. अर्जुनकुमार खड्का

अर्थ मन्त्रालयले २२ चैत २०८१ को सूचनामार्फत आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमका लागि सुझाव माग गरेको छ । यसैगरी नेपाल सरकारले प्रदेश र स्थानीय तहका लागि आव २०८२/८३ का निम्ति प्रदान गर्ने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान रकमको अनुमानित विवरणसमेत प्रकाशन गरेको छ । सधैँझैँ यस वर्ष पनि नेपालमा बजेटको मौसम सुरु भइसकेको छ । नेपालमा बजेटको ऐतिहासिक पृष्ठभूमि हेर्दा २००७ सालको राजनीतिक परिवर्तनपछि अन्तरिम सरकारका अर्थमन्त्री सुवर्णशमशेर राणाले २००८ सालमा देशको पहिलो बजेट प्रस्तुत गरे । त्यसबेलादेखि विसं २०८१ सम्म ७६ वटा बजेट प्रस्तुत भइसकेका छन् ।

संविधानको धारा ११९ बमोजिम प्रत्येक आवको बजेट संघीय संसद्मा जेठ १५ गते पेस गर्नुपर्ने र त्यस्तो राजस्व तथा व्ययको अनुमानलाई स्वीकृत नगरेसम्म कार्यान्वयन हुन नसक्ने संवैधानिक बाध्यता नै छ । साथै संघको बजेट पारित भएपछि त्यही आधारमा प्रदेश तथा स्थानीय तहमा बजेटको व्यवस्थापन हुने संवैधानिक तथा कानुनी व्यवस्था छ । संविधानको धारा ११५ अनुसार कानुनबमोजिमबाहेक कुनै कर लगाइने र उठाउन पाइँदैन । आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने तथा उपलब्ध साधन, स्रोत एवं आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधनका साथै स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्न बजेटलक्षित हुन्छ । व्यवहारमा बजेटको माध्यमबाट सरकारले आर्थिक नीति कार्यान्वयन गर्न आफ्ना कार्यक्रमलाई प्राथमिकतामा राखेको हुन्छ । यसैमार्फत नै सरकारले आर्थिक नीति कार्यान्वयन गर्दै आफ्ना विभिन्न कार्यक्रमलाई सफलतापूर्वक अन्त्य गर्न सक्छ ।

बेलायतमा सन् १६८९ मा पारित बिल अफ राइटमार्फत संसद्ले स्वीकृत नगरी कुनै पनि कर लगाउन, चन्दा लिन र ऋण लिन नपाउने व्यवस्था गरियो । यसै गरी बेलायतमै राजा जोनले सन् १२१५ मा म्याग्नाकार्टामा हस्ताक्षर गरी सार्वजनिक सम्पत्तिमाथि राजाको असीमित अधिकार नियन्त्रणसमेत गरेका थिए । बजेटलाई विकास र सार्वजनिक प्रशासनको एक अभिन्न अङ्गका रूपमा स्वीकार गरिएको छ । बजेट शब्दको उत्पत्ति फ्रेन्च भाषाबाट भएको भए पनि सन् १७३३ मा बेलायतका प्रधानमन्त्री बालपोलले संसद्मा आर्थिक बजेट पेस गरेको कुरा बजेटसम्बन्धी ऐतिहासिक दस्ताबेजबाट स्पष्ट हुन्छ । शाब्दिक अर्थमा बजेटलाई पाश्चात्य जगत्मा छालाको थैलीका रूपमा लिने गरिएको पाइन्छ । लामो समयको अनुभव र परीक्षणपश्चात् बेलायतमा सन् १८०२ देखि आम्दानी र खर्चको विस्तृत विवरणसहित संसद्बाट सरकारी बजेट पारित गराउने व्यवस्था अपनाइयो । यसै गरी सन् १८०३ देखि फ्रान्सले राष्ट्रिय बजेट पारित गरी कार्यान्वयन गर्ने प्रक्रिया अवलम्बन गर्‍यो । संयुक्त राज्य अमेरिकामा पनि सरकारी ढुकुटीबाट रुपियाँ खर्च गर्ने र राष्ट्रिय आयव्ययको फेहरिस्त सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइए भए पनि सन् १९२१ देखि मात्र राष्ट्रिय बजेट पारित गर्ने व्यवस्था सुरुवात भएको हो ।

दलीय व्यवस्था भएको प्रजातान्त्रिक मुलुकमा सरकारी बजेट सरकारका सम्बद्ध निकायले सरकारमा रहेको राजनीतिक दलको घोषणापत्रमा आधारित भएर बनाउने गरेको पाइन्छ । तथापि परम्परागत राजस्वका स्रोत आयकर, कर्पोरेट कर आयात तथा निर्यात करलाई प्रत्येक बजेटको मूल अङ्गका रूपमा लिने गरिन्छ । यसमा पनि अहिलेको अवस्थामा नेपालमा एकै दलको सरकार नभएका कारण बजेटको स्वरूप विविध प्रकारको रहने अनुमान गर्न सकिन्छ । हालैका दिनमा अन्तर्राष्ट्रिय रूपमा आएको कर प्रशासनको फेरबदल एवं दाता राष्ट्र जस्तै अमेरिकाले दिने सहयोगमा कटौती र युरोपियन राष्ट्रले आफ्नो रक्षा बजेटमा गरेको वृद्धिका कारण नेपालको बजेट व्यवस्थापनमा सहजता देखिँदैन । तथापि बजेटको माध्यममार्फत खर्च गर्ने आधारभूत विषयलाई प्रत्येक वर्षको बजेटमा बढी महत्व दिइन्छ । यसैले सीमित आयस्रोतबाट असीमित क्षेत्रको व्यवस्थापन गर्नुपर्ने चुनौती देखिएको छ ।

नेपालको सन्दर्भमा विगत लामो समयदेखि प्रयोगमा ल्याइएका लाइन आइटम एवं इन्क्रिमेन्टल बजेटले आर्थिक क्षेत्रमा देखिएका थुप्रै प्रश्नको उत्तर दिन सकेको छैन । आमजनताबाट उठाइएको करको रकम के ? कहाँ ? कसरी खर्च गरियो भन्नेबारे ठोस जानकारी दिन र बजेट निर्माण तथा कार्यान्वयनमा देखिएका कमीकमजोरी हटाउन कार्यक्रम बजेटको निर्माण तथा कार्यान्वयन गरिएको हो । यस बजेट प्रणालीले सरकार वा अन्य निकायलाई आफ्नो वार्षिक कार्यक्रमको कार्यान्वयन र नियन्त्रण गर्न विशेष सहयोग पुऱ्याउँछ । कार्यक्रम बजेट अन्तर्गत सम्पादन गरिने विभिन्न कार्यक्रमको विस्तृत लेखाजोखा बजेट रकममार्फत तय गरिन्छ । तोकिएको कार्यसम्पादन गर्न लाग्ने समय, भौतिक सामग्रीको परिमाण र ज्याला एवं तलब वितरण आदि विविध शीर्षक अन्तर्गत लाग्ने खर्चको लेखाजोखासमेत गरिँदै आएको पाइन्छ । यसरी तोकिएको परियोजना अथवा कार्यक्रम सञ्चालनमा लाग्ने खर्चको यथार्थ विवरण बजेटमै समावेश गरिने भएकाले यस पद्धतिले नियन्त्रण प्रक्रियामा सघाउ पुऱ्याउँछ । तोकिएका निकायबाट वर्षभरिमा सञ्चालन गरिने विभिन्न गतिविधि जस्तै खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, सडक आदिका लागि आवश्यक पर्ने लागतको अनुमान गरी बजेट माग गर्ने भएकाले बजेट स्वीकृत गर्ने निकायले पनि तोकिएको परियोजनाको आवश्यकता, यसको उपादेयता, त्यसमा लाग्ने समय, लागत र त्यसले सर्वसाधारणलाई पुऱ्याउने फाइदा आदि विविध पक्षमा बोध गर्न सक्छन् । तथापि नेपालमा यसले अपेक्षा गरे अनुरूप परिवर्तन हुन सकेको भने छैन ।

बजेटले लक्ष्य अनुरूप किन कार्य गर्न सकेन भन्ने विषयमा खासै खोज अर्थात् अनुसन्धान गरिँदैन । यो नै सबैभन्दा ठुलो समस्याका रूपमा देखा परेको छ । यस्ता विषयको व्यवस्थापनमा अस्थायी प्रकृतिका कार्यमा जोड दिने गरिन्छ । बजेटको लक्ष्य अनुरूप कार्य नहुँदा स्थायी प्रकृतिको व्यवस्थापन गर्न अनुसन्धानात्मक कार्यमा ध्यान दिनुपर्ने थियो तर त्यस्तो गरिएको देखिँदैन । हुन त प्रत्येक आवको बजेटमार्फत सरकारी संयन्त्रलाई समयानकूल चुस्त दुरुस्त पार्न केही सरकारी निकाय कटौती गर्ने प्रस्ताव भए पनि त्यसको कार्यान्वयन हुनै सक्दैन । उदाहरणका लागि केही वर्ष पहिला बजेटमार्फत अतिरिक्त हुलाकलाई खारेज गर्ने विषय बजेटले ल्याइएको थियो तर त्यो कार्यान्वयन गर्न दिइएन । यस्ता प्रकृतिका सरकारी निकाय नेपालमा धेरै छन् । कुनै निकायको काम नै छैन, कुनै निकाय दोहोरो रूपमा स्थापना गरिएको छ ।

विसं २०१३ मा प्रथम पटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा योजना निर्माण गर्ने निकाय गठन भएको थियो । यसलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ अनुसार त्यही वर्ष योजना मण्डल स्थापना भएको थियो । उक्त आयोगले तत्पश्चात् नियमित रूपमा योजना तर्जुमालगायतका कार्य गर्दै आएको छ । प्रदेश स्तरमा पनि प्रदेशस्तरीय आयोग स्थापना हुँदै आएको छ । तथापि यस्तै प्रकृतिको काम गर्ने गरी नीति अनुसन्धान प्रतिष्ठान २०७५ सालमा स्थापना गरी सरकारी व्ययभार बढाई केही मानिसलाई जागिर दिने थलो बनाइयो । जसको कुनै अर्थ नै छैन । यसैले त्यस्ता प्रकृतिका सरकारी संयन्त्र स्थापनमा रोक तथा दोहोरोपन भएको निकायलाई कटौती गरी राजस्वको भारसमेत कटौती गर्ने कार्यमा दृढताका साथ लाग्न ढिलो भइसक्यो ।

कौटिल्यले "सम्पूर्ण गतिविधि अर्थमा आधारित हुन्छ । त्यसैले ढुकुटी बलियो पार्ने सम्बन्धमा सबैभन्दा बढी ध्यान पुऱ्याउनु आवश्यक छ" भने झैं अहिलेको बजेट

❖ बाँकी तेस्रो पृष्ठमा

# विश्व कीर्तिमान बनाए दिपेन्द्रसिंह ऐरीले

झापा(प्रस) । नेपाली राष्ट्रिय क्रिकेट टिमका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा अर्को नयाँ कीर्तिमान बनाएका छन्। टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा हालसम्म कुनैपनि खेलमा डकआउट नहुने खेलाडीको कीर्तिमान बनाएका हुन्। उनले ७६ खेलमा ६६ पारी खेल्दा कुनै पनि पारीमा डकआउट भएका छैनन्।



उनले बिहीबार बिहान भएको कुवेतसँगको खेलमा दिपेन्द्रले १२ बलमा ३ छक्का र २ चौका प्रहार गर्दै ३१ रन बनाएका थिए। उनले आक्रामक पारी खेल्दै खेललाई नेपालको पक्षमा पारेका थिए। उनले हङकङमा जारी चारदेशीय टी-२० अन्तर्राष्ट्रिय सिरिजको दोस्रो खेल खेलिसक्दा यो कीर्तिमान बनाएका हुन्।

डक नहुने खेलाडीको सूचीको दोस्रो स्थानमा वेष्ट इन्डिजका दाँया हाते ब्याटर मार्लोन स्यामुइल रहेका छन् । उनले ६७ खेलमा ६५ पारीमा हालसम्म डकआउट भएका छैनन्। तेस्रो स्थानमा श्रीलंकाका लोकुगे दिनेश चान्दिमालले ६१ पारीमा डकआउट नभई तेस्रो स्थानमा रहेका छन्।

सिंह टी २० मा हालसम्म एक इनिङ्समा उच्च स्ट्राइक रेटमा खेल्ने खेलाडीको लिष्टमा पनि शीर्ष स्थानमा रहेका छन्। उनले १९ औं एसियाली खेलकुद प्रतियोगितामा मंगोलियाविरुद्ध ९ बलमा अर्धशतक प्रहार गर्ने खेलाडी बनेका थिए। उनको त्यो रेकर्ड कसैले तोड्न सक्दैन। त्यो रेकर्ड बराबरी मात्रै हुन सक्छ । उनले भारतीय स्टार ब्याटर युवराज सिंहको १२ बलमा अर्धशतक प्रहार गर्ने कीर्तिमान तोडेका थिए।

सबैभन्दा छिटो अर्धशतक बनाउने खेलाडीको सूचीमा दिपेन्द्र शीर्ष स्थानमा छन् भने युवराज सिंह दोस्रो स्थानमा रहेका छन्। उनले ६ बलमा ६ छक्का प्रहार गर्ने एक खेलाडीमा उनी पनि एक हुन्। 'ट्राइगर' को उपनाम पाएका दिपेन्द्र निकै छरिता खेलाडी हुन्। उनले टी २० अन्तर्राष्ट्रिय क्रिकेटमा उनले ७६ वटा खेल खेल्दा ४९ विकेट लिएका छन्। जसमा ६ विकेट कट एण्ड बोल्ड मार्फत लिएका छन्।

# गरिबी निवारण कोषको साढे १३ अर्ब रकमबारे सरकार बेखबर

झापा (प्रस) ।गरिबी निवारण कोष विघटन भएको ५ वर्ष बित्दा पनि स्थानीय तहहरूले कोषमार्फत लगानी गरिएको १३ अर्बभन्दा बढी रकमको हिसाब-किताब बुझाउन नसकेको पाइएको छ ।

भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पटक-पटक ताकेता गर्दा पनि ५ सय ५१ स्थानीय तहले कोषको रकम परिचालनको अवस्थाबारे अद्यावधिक विवरण नबुझाएका हुन् ।

स्थानीय तहले हिसाब नबुझाउँदा ३२ हजार बढी सामुदायिक संस्थामा रहेको घुम्ती कोषको रकम परिचालनबारे संघीय सरकार बेखबर छ ।

साथै, कोषको १३ अर्ब बढी रकमको दुरुपयोग हुने जोखिम समेत बढेको छ । ५ वर्ष अघिसम्म स-साना पूर्वाधारमा समेत लगानी भएको कुल १९ अर्ब रकममध्ये कोषमा मात्र १३ अर्ब ३७ करोड रुपैयाँ थियो ।

तर, त्यो रकम कहाँ र कसरी खर्च भयो भन्नेबारे आफूहरू बेखबर रहेको भूमि मन्त्रालयका एक कर्मचारीले बताए ।

'गरिबी निवारण कोषद्वारा प्रवर्द्धित ६४ जिल्लाका ३२ हजारभन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको झण्डै साढे १३ अर्बको घुम्ती कोषबारे मन्त्रालयले पटक-पटक ताकेता गर्दा पनि स्थानीय तहले विवरण बुझाएका छैनन्,' ती कर्मचारीले भने, 'कतिपय साझेदार संस्थामा रकम दुरुपयोग भएर अनियमितता भएको हुनसक्ने अवस्था पनि छ ।'

२०६३ देखि २०७५ सालसम्म १९ अर्ब रुपैयाँको घुम्ती कोषलाई बिउ पूँजीको रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न सामुदायिक संस्थालाई सहकारी प्रणालीमा रूपान्तरण गरिएको हो ।

भूमि मन्त्रालयबाट प्राप्त विवरणअनुसार १९ अर्ब रकममध्ये कोष विघटन हुनुअघिसम्म कुल ५५१ वटा पालिकामा गरिबी निवारण कोषद्वारा प्रवर्द्धित घुम्ती कोष र सामुदायिक संस्था समेतसँग गरी कुल १३ अर्ब ३७ करोड ८७ लाख ८२ हजार ७८४ रुपैयाँ जम्मा भएको थियो । ३२ हजार २७६ सामुदायिक संस्थाले १ अर्ब ३३ करोड ७८ लाख ७८ हजार २७८ रुपैयाँ लगानी गरेकोमा घुम्ती कोषले १२ अर्ब ४ करोड ९ लाख ४ हजार ५०६ रुपैयाँ लगानी गरेको थियो । ८ लाख ७९ हजार ८३९ घरधुरी कार्यक्रमबाट लाभान्वित भएका थिए ।

तर, आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत गरिबी निवारण कोष विघटित भएपछि उक्त कोषको रकम परिचालनको अख्तियारी संघ सरकारले स्थानीय सरकारलाई प्रदान गरेको छ ।

सामुदायिक संस्थाहरूमा रहेको घुम्ती कोषको संरक्षण र प्रभावकारी परिचालन गरी उत्पादन अभिवृद्धि, आयआर्जन र रोजगारी सिर्जना गर्ने अभिप्रायले तत्कालीन सरकारले गरिबी निवारण कोष विघटन गरी स्थानीय तहलाई अधिकार प्रदान गरेको थियो ।

कोषको स्थापना २०६० सालमा भएको थियो । गरिबी निवारण कोष ऐन,२०६३ जारी भएपछि ऐनबमोजिम कोष सञ्चालन र व्यवस्थापन हुँदै आएको थियो ।

तर, २०७५ कात्तिक २५ गते बसेको नेपाल सरकार (मन्त्रिपरिषद) बैठकबाट कोषको पुनःसंरचनासम्बन्धी कार्ययोजना स्वीकृत भएको थियो ।

कोषको मुख्य साझेदारको रूपमा रहेको विश्व बैंकसँगको सहायता सम्झौता अवधि सकिएपछि २०७५ पुस १७ गतेदेखि कोषमा कार्यरत कर्मचारीहरूको सम्झौता नवीकरण गरिएको थिएन ।

साविकमा कोष प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत सञ्चालित थियो ।

कोष खारेज भएपछि प्रधानमन्त्री कार्यालयले गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना सञ्चालनसम्बन्धी सामान्य मार्गदर्शन,२०७५ जारी गरेको थियो ।

सोही मार्गदर्शनबमोजिम घुम्ती कोषको अभिलेख व्यवस्थापन, कार्यसञ्चालनमा सहजीकरण, घुम्ती कोषको रकम परिचालन , सामुदायिक संस्थाको आर्थिक कारोबारको निरीक्षणदेखि अनुगमन तथा मूल्यांकन समेतको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ ।

मार्गनिर्देशनबमोजिम कोष सञ्चालन भएका स्थानीय तहले छुट्टै कार्यविधि बनाएर कोषको रकम परिचालन तथा संरक्षण गर्ने अधिकार पाएका छन् ।

'सामुदायिक संस्थाहरूको अभिलेख व्यवस्थापन, बैठक सञ्चालनमा सहजीकरण, घुम्ती कोष परिचालनमा सहयोग तथा सुपरीवेक्षण एवं प्रतिवेदन गर्ने लगायतका कार्यका लागि सहकारी शाखामा कार्यरत एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी सोको जानकारी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई गराउने,' मार्गनिर्देशनमा भनिएको छ ।

कोष विघटन भएपछि कोषको रकम परिचालन र संरक्षणको जिम्मेवारी स्थानीय तहले पाए पनि कोषको रकम तथा त्यसको परिचालनका विषयमा संघ सरकारको भूमि मन्त्रालयलाई जानकारी गराएका छैनन् ।

मन्त्रालयको गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रमका शाखा अधिकृत सरोज भुसालका अनुसार एक दर्जन जति स्थानीय तहले मात्र विवरण अद्यावधिक गरेका छन् ।

'प्रधानमन्त्री कार्यालयमातहत हुँदा प्रधानमन्त्री कार्यालयले पनि विवरण अद्यावधिक गराउन सम्बन्धित स्थानीय तहलाई परिपत्र गरेको थियो,' भुसालले भने, 'हाम्रो मन्त्रालयमातहत आएपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पनि विवरण अद्यावधिक गराउन तीनपटकसम्म परिपत्र गरिसकेका छौं । तर, पनि स्थानीय तहले विवरण पठाइनसकेकाले कोषको रकमबारे अहिले केही भन्न सकिन्न ।' अहिले कोषको कति रकम कहाँ छ ? के कति काममा परिचालन भएको छ ? भन्ने विषयमा मन्त्रालयसँग अद्यावधिक विवरण नरहेको उनले बताए । २०८१ पुस १२ गते भूमि मन्त्रालय आफैंले र २०८१ पुस १९ गते संघीय मामिला मन्त्रालयले कार्यक्रम लागू भएका ५५१ वटा पालिकामा विवरण अद्यावधिक गराउन परिपत्र गरेका थिए ।

तर, पनि सम्बन्धित स्थानीय तहले विवरण अद्यावधिक नगराउँदा कोषको १३ अर्ब बढी रकम दुरुपयोग हुने तथा अनियमितता हुने खतरा बढेको हो ।

# आठ महिनामा भित्रियो साढे दस खर्ब रुपियाँ रेमिट्यान्स

झापा(प्रस) । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा १० खर्ब ५१ अर्ब ७७ करोड रुपियाँ रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैङ्क आर्थिक अनुसन्धान विभागले सार्वजनिक गरेको आव २०८१/८२ को आठ महिनाको तथ्याङ्क अनुसार समीक्षा अवधिमा रेमिट्यान्स आप्रवाहमा ९.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह १८.३ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ६.९ प्रतिशतले वृद्धि भई सात अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १६.१ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ११ खर्ब ४८ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १० खर्ब ४१ अर्ब ९९ करोड रुपियाँ रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या तीन लाख १७ हजार ६८ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख १७ हजार ४०३ रहेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः दुई लाख ८५ हजार ३५२ र एक लाख ८२ हजार ७८३ थियो ।

# सामुदायिक बिउ बैंकहरू संकटमा

झापा(प्रस) ।सरकारी निकायले बेवास्ता गर्दा कोशी प्रदेशका सामुदायिक बिउ बैङ्कहरू सञ्चालन नहुने अवस्थामा पुगेका छन् । राज्य पुनर्संरचना हुनुअघि कृषि मन्त्रालयको बाली विकास निर्देशनालयको अनुगमन, नियमन र सहयोगमा सञ्चालन हुँदै आएका सामुदायिक बिउ बैङ्कहरू हाल कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रको अनुगमन नियमन क्षेत्रमा राखिएको छ ।

केन्द्रका प्रमुख केशव देवकोटाका अनुसार सरकारले रैथाने बालीको बिउ जोगाउने उद्देश्यले सामुदायिक बिउ बैङ्कको स्थापना गरेको थियो । खाद्य एवं पोषण सुरक्षाका लागि रैथाने बालीको महत्व बढी रहेका बेला सामुदायिक बिउ बैङ्क सञ्चालन हुन नसक्नुमा सरकारकै दोष रहेको देवकोटा बताउछन् । उनले भने, "१२५ वटा दर्ता भएकोमा २५ वटा पूर्ण रूपमा सञ्चालन भइरहेका छन् । तीमध्ये ३० वटा मात्र सामुदायिक बिउ बैङ्कको केन्द्रीय सङ्घमा दर्ता भएका छन् ।"

सामुदायिक बिउ बैङ्कलाई निरन्तर सञ्चालनका लागि सङ्घीय सरकारले कार्यक्रम बनाउने तयारी



थियो । स्थानीय र प्रदेश सरकारले सञ्चालन गर्दा परिणाम राम्रो आउने भनेर सङ्घले यो कार्यक्रम प्रदेश र स्थानीय तहलाई दिनुपर्ने निर्णय गऱ्यो । केन्द्रका प्रमुख देवकोटाले प्रदेश र स्थानीय सरकारले खासै चासो देखाएका छैनन् ।

सामुदायिक बिउ बैङ्क बन्द हुने हो भने हाम्रा रैथाने बाली कागुनो, चिनो, फापर, मकै, गहुँ र कोदो गुगलमा खोज्ने दिन आउन सक्ने देवकोटाको भनाइ छ ।

कोशी प्रदेशमा १२ वटा सामुदायिक बिउ बैङ्क छन् । तीमध्ये दुई वटा बन्द भइसकेका छन् । भएका १० वटा पनि बजेटको अभाव छ । कटारी-६, उदयपुरको हाम्रो सामुदायिक बिउ बैङ्कका अध्यक्ष मीना कोइरालाले भनिन्, "गत वर्ष आठ बिघामा सुक्खा-३, रामधान, हर्दीनाथ-६ र सामा मन्सुली धानको बिउ उत्पादन गरेका थियौं । बजारमा हाम्रो उत्पादनको माग उच्च छ तर किसानसँग लगानी गर्ने पुँजी छैन ।" कोइरालाले जाइकाको प्राविधिक सहयोग र कृषि ज्ञान केन्द्रको १९ लाख रुपियाँ आर्थिक सहयोगमा १८० जना किसान बिउ उत्पादनमा क्रियाशील रहेको बताइन् ।

बिउ महँगोमा बिक्री हुने भए पनि मेहनत अनुसार आम्दानी लिन नसकिएको कोइरालाले जानकारी दिइन् ।

झापाको शिवसताक्षी नगरपालिकाको शिवगन्ज सामुदायिक बिउ बैङ्कले धान, सिमी, मकै, फर्सी, लाफा, लौका, घिरौला, बोडी, मास, कोदो, तोरी, अलास, तिल, केराउ, भटमास, फापर, सोप, सिलामलगायतको बिउ उत्पादन गरिरहेको छ ।

अध्यक्ष जानुका मगरले भनिन्, "सबै बिउ भार तसँग निर्भर छ । हामीले रैथाने बिउ हुर्काइरहेका छौं तर सरकारी सहयोग छैन । ५० प्रतिशत अनुदानमा नगरपालिकाले दुई लाख ३५ हजार रुपियाँ दिएको थियो । किसानसँग त्यही दुई लाख ३५ हजार थप्ने पैसा हुन्न ।" सरकारले सहकार्य गर्ने हो भने गुणस्तरीय बिउ उत्पादन गर्ने क्षमता किसानसँग रहेको मगरले बताइन् ।

मोरङको ग्रामथान-१ स्थित चारपाटे सामुदायिक बिउ बैङ्कले एक वर्ष तोरीको बिउ उत्पादन गरेपछि काम गर्नै सकेन । अध्यक्ष चल्नु सरदार थारूले भने, "सरकारी सहयोगबिना किसानले मात्र केही गर्न सक्दैनन् । बिउबीजन व्यापारीबाट खरिद गर्दा कमिसन आउँछ । किसानले कमिसन दिँदैनन् । उत्पादन गर्न लगाएर सरकारी निकाय नै किसानसँग खरिद गर्दैन, कसरी किसान उत्साहित हुन्छ ।"

## बजेट...

निर्माणको प्रक्रियामा कसरी राज्यको ढुकुटी बलियो बनाउने हो, त्यसतर्फ समेत ध्यानकेन्द्रित गर्नुपर्ने छ । साथै बजेटमार्फत नै सार्वजनिक सन्तुलन, वित्तीय सन्तुलन, सरकारी राजस्व तथा खर्चबिचको समग्र अर्थतन्त्रको आयव्ययको विवरणलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । सार्वजनिक एवं सामाजिक सुरक्षाका दायित्वलाई ध्यानमा राखी गम्भीर भई होसियारीपूर्वक बजेट निर्माण गर्न जरुरी छ ।

यसै गरी आयोजना आबद्ध वैदेशिक सहायताको अनुदान तथ ऋण परिचालन गर्नुपर्ने सबै कार्य पूरा गरी वैदेशिक स्रोतको अधिकतम परिचालन गर्ने र वैदेशिक सहायता कार्यान्वयनमा देखिएका समस्या समयमै समाधान गर्नुपर्ने छ । नगद प्रवाहको नियमित विश्लेषण गरी आवश्यकता अनुसार बजेटमा अनुमान गरिएको सीमाभित्र आन्तरिक ऋण परिचालन गर्नुपर्ने छ । यसै गरी विकास आयोजनाको विश्वास योग्य छनोट, कार्यक्रम कार्यान्वयनका निम्ति समन्वयको उचित व्यवस्थापन, जवाफदेहीबोध, आर्थिक अनुशासनको उचित व्यवस्थापन, बजेटको सफल कार्यान्वयनका लागि समयसापेक्ष, विश्वसनीय र भरपर्दो सूचना प्रणालीको विकासमा ध्यान दिनुपर्ने छ । तोकिएको राजस्व तोकिएको स्रोतबाट प्राप्त हुन्छ, हुँदैन । उपलब्ध गराइएको रकम लक्ष्य अनुरूप खर्च हुन्छ, हुँदैन । आदि कार्यलाई समेत ध्यान दिनुपर्ने छ ।

सरकारले प्राप्त गर्ने राजस्व जनताको खल्तीबाट असुल गरिने भएकाले प्रत्येक रुपियाँको उपयोग कसरी भएको छ भन्ने विषयमा जानकारी पाउन जनता त्यत्तिकै उत्सुक हुन्छन् । सरकारले जनतालाई थप कर लगाउने कि नलगाउने, राजस्व सङ्कलनको व्यवस्थालाई कसरी वैज्ञानिक र पारदर्शी बनाउने, कर छल्ने कार्यलाई कसरी हतोत्साहित पार्नेलगायतका कार्यको व्यवस्थापनसमेत बजेटमार्फत नै आउनुपर्ने हुन्छ । आर्थिक अनुशासनको टड्कारो खाँचो छ । सरकारले अनावश्यक काममा अख्तियार गरेको खर्च नीतिमा परिवर्तन गर्नुपर्ने आवश्यकता छ । यसर्थ बजेटको आकारलाई भन्दा पनि बजेटमार्फत प्राप्त हुन सक्ने सकारात्मक परिवर्तनको पक्षमा जोड दिनुपर्ने छ ।

अन्त्यमा भनिन्छ, जीवनमा स्थिर नरहने एक मात्र कुरा परिवर्तन हो । समाज, आर्थिक तथा राजनीतिक रूपान्तरणबाट गुज्रिरहेको समयमा प्राथमिकता, आवश्यकता र समस्या परिवर्तन हुन्छन् । साथै अवसर र चुनौती विकास हुँदै जाँदा प्रत्येक दिन परिवर्तनको आवश्यकता पर्छ । उपयोगी र सान्दर्भिक हुन सरकार र सार्वजनिक नीति, निर्माताले त्यस्ता परिवर्तनलाई सम्बोधन गर्नु अपरिहार्य छ । यी कारणले गर्दा पनि बजेट तर्जुमा सन्दर्भमा स्पष्ट परिवर्तनको आवश्यक छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम जीवन पनि सफल रहनेछ ।

**वृष** आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् ।

**मिथुन** आज आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।

**कर्कट** पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् ।

**सिंह** अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ ।

**कन्या** रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**तुला** प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ ।

**वृश्चिक** आफन्त र मित्रवर्गको सहयोग पाइनेछ ।

**धनु** वाणीमा कुशलता आउने दिन परेको छ । नयाँ काम र करियरको क्षेत्रमा मन जाने

**मकर** साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

**कुम्भ** भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ । सामाजिक काममा व्यस्त हुने समय

**मिन** बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ ।